<u>प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९</u>

निर्वाचन आयोगबाट स्वीकृत मिति

<u>संशोधन</u> : २०७९/०४/२६

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन
(जनशक्ति व्यवस्थापन) (पहिलो संशोधन) निर्देशिका, २०७९ २०७९/०६/०३

## प्रस्तावना

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा, -

(क) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ।

(ग) "जनशक्ति" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यस्तो निकायमा काजमा, करारमा वा ज्यालादारीमा कार्यरत कर्मचारीलाई समेत जनाउँछ।

(घ) "जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति" भन्नाले दफा १७ बमोजिमको जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति सम्झनु पर्छ।

(ङ) "निर्वाचन" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ बमोजिम हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा

सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनबाट निर्वाचित भएको सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ ।

(च) "निर्वाचन अधिकारी" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(छ) "निर्वाचन अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ज) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(झ) "निर्वाचन सम्पन्न भएको मिति" भन्नाले समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना कार्य सम्पन्न भएको अन्तिम मिति सम्झनु पर्छ ।

(ञ) "निर्वाचन क्षेत्र" भन्नाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ बमोजिम निर्धारण भएको निर्वाचन क्षेत्र सम्झनु पर्छ ।

(ट) "मतदान अधिकृत" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ठ) "मतगणना" भन्नाले मतपत्रमा मतदाताले संकेत गरेको मतको गणना गर्ने कार्य सम्झनु पर्छ ।

(ड) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३४ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ र सो शब्दले मतदान उपकेन्द्र तथा अस्थायी मतदान केन्द्रलाई समेत जनाउँछ ।

(ढ) "मतपेटिका" भन्नाले मत संकेत गरेको मतपत्र राख्नको लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत संकेतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ ।

(ण) "विशेष परिस्थिति" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४५ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४५ को उपदफा (१) बमोजिम मतदान स्थगित गर्नु पर्ने अवस्था सम्झनु पर्छ ।

(त) “सहायक कर्मचारी” भन्नाले मतदान केन्द्रमा खटाइने मतदान अधिकृत र सहायक मतदान अधिकृत बाहेक अन्य राजपत्र अनंकित वा सो सरहको कर्मचारी सम्झनु पर्छ ।

(थ) “सहयोगी कर्मचारी” भन्नाले मतदान केन्द्रमा खटाइने श्रेणी विहीन वा सो सरहको कर्मचारी सम्झनु पर्छ ।

(द) “सचिव” भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(ध) “समानुपातिक निर्वाचन प्रणाली” भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५ बमोजिमको निर्वाचन प्रणाली सम्झनु पर्छ ।

(न) “सरकारी निकाय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका निकाय सम्झनु पर्छ ।

परिच्छेद-२

## जनशक्ति व्यवस्थापन

३. **कर्मचारी माग गर्न सक्ने** : (१) निर्वाचनको लागि मौजुदा जनशक्तिले कार्य सम्पादन गर्न नसकिने भएमा आयोगले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाबाट आवश्यक जनशक्ति माग गर्न सक्नेछ ।

(२) निर्वाचन कार्यालयको मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम सम्पन्न गर्न नसकिने भएमा निर्वाचन आयोगको सचिवालयको पूर्व स्वीकृति लिई निर्वाचन कार्यालयले जिल्लास्थित विभिन्न सरकारी निकायबाट दफा ८ बमोजिम आवश्यक जनशक्ति माग गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम जनशक्ति माग भई आएमा सम्बन्धित निकायले आफ्नो कार्यालयमा रहेको त्यस्तो जनशक्ति तुरुन्त आयोग वा निर्वाचन कार्यालयमा काजमा खटाउनु पर्नेछ ।

४. **जनशक्तिको विवरण अद्यावधिक गर्ने** : (१) निर्वाचन कार्यालयले निर्वाचन प्रयोजनको लागि जिल्लास्थित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्था वा विश्वविद्यालय वा सामुदायिक विद्यालयमा कार्यरत जनशक्तिको विवरण माग गर्नु पर्नेछ । यसरी विवरण माग भए पछि सम्बन्धित सबै निकायले आफ्नो कार्यालयमा कार्यरत जनशक्तिको अद्यावधिक विवरण तयार गरी माग बमोजिमको ढाँचामा निर्वाचन कार्यालयलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जनशक्तिको विवरण उपलब्ध गराउँदा निर्वाचनमा खटाउन सकिने जनशक्तिको विवरण अनुसूची-१ बमोजिमको ढाँचामा र निर्वाचनमा खटाउन नसकिने जनशक्तिको विवरण अनुसूची-२ बमोजिमको ढाँचामा तयार गरी उपलब्ध गराउनु पर्नेछ । निर्वाचन कार्यालयले

यसरी सम्बन्धित निकायबाट जनशक्तिको विवरण प्राप्त भएपछि अनुसूची-१ र अनुसूची-२ बमोजिमको ढाँचामा प्राप्त विवरणहरुलाई एकिकृत गरी जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको सदस्य-सचिव मार्फत एकमुष्ट विवरण अनुसूची-३ बमोजिमको ढाँचामा जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिमा पेश गर्नु पर्नेछ ।

♣(३) उपदफा (२) बमोजिम पेश हुन आएको विवरणको आधारमा जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिले जिल्ला भित्रका मतदान केन्द्रमा खटाउन सकिने जनशक्तिको एकमुष्ट विवरण तयार गरी स्वीकृत गर्नु पर्नेछ । यसरी जनशक्तिको विवरण स्वीकृत भए पछि त्यस्ता जनशक्तिको नाम, पदनाम, श्रेणी वा तह र ज्येष्ठता समेत खुलाई सो समितिको सदस्य-सचिव मार्फत मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ । यसरी विवरण पठाउँदा आवश्यक सङ्ख्याको कम्तीमा दश प्रतिशत बढी कर्मचारीको विवरण तयार गरी पठाउनु पर्नेछ ।

♥(४) उपदफा (३) बमोजिमको विवरण प्राप्त भए पछि मुख्य निर्वाचन अधिकृतले प्रमुख जिल्ला अधिकारी, सम्बन्धित निर्वाचन अधिकृत तथा निर्वाचन अधिकारीसँग समन्वय गरी निर्वाचनको लागि आवश्यक पर्ने कर्मचारी तथा शिक्षकको नामावली सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ ।

५. **कर्मचारी जगेडामा राख्ने** : दफा ४ को उपदफा (३) बमोजिम ♣जनशक्तिको विवरण तयार गर्दा जिल्लास्थित सबै निर्वाचन क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिभन्दा बढी जनशक्ति हुन आएमा त्यसरी बढी हुन आउने जनशक्तिलाई समितिले जगेडाको रुपमा राख्नु पर्नेछ ।

६. **निर्वाचन अधिकृतको कार्यालयमा रहने जनशक्ति** : (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमको जनशक्ति रहनेछ :-

| **क्र.सं.** | **जनशक्तिको विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १. | मुख्य निर्वाचन अधिकृत | एक जना |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. द्वितीय श्रेणी वा सो सरह वा रा.प. तृ. श्रेणी वा सो सरह) - एकजना | एक जना |
| ३. | लेखा अधिकृत वा लेखापाल (रा. प. तृ. श्रेणी वा सो सरह वा (रा.प.अनं प्रथम श्रेणी वा सो सरह) | एक जना |
| ४. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |

♣ पहिलो संशोधनद्वारा संशोधित ।
♥ पहिलो संशोधनबाट थप ।
♣ पहिलो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| ५. | कम्प्युटर अपरेटर (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |
| ६. | सवारी चालक (सवारी साधन भएमा) | एक जना |
| ७. | सहयोगी कर्मचारी (श्रेणी विहिन) | दुई जना |
| ८. | निजी सुरक्षा अधिकारी (पि.एस.ओ.) | एक जना |

(२) निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका जनशक्ति रहनेछन् :-

| **क्र.सं.** | **जनशक्तिको विवरण** | **सङ्ख्या** |
|---|---|---|
| १. | निर्वाचन अधिकृत | एक जना |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. तृतीय श्रेणी वा सो सरह) | एक जना |
| ३. | लेखापाल वा सहलेखापाल (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |
| ४. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |
| ५. | कम्प्युटर अपरेटर (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | एक जना |
| ६. | सवारी चालक (सवारी साधन भएमा) | एक जना |
| ७. | सहयोगी कर्मचारी (श्रेणी विहिन) | दुई जना |
| ८. | निजी सुरक्षा अधिकारी (पि.एस.ओ.) | एक जना |

(३) निर्वाचन अधिकृतले उपदफा (१) वा (२) बमोजिमको जनशक्ति सम्वन्धित जिल्लास्थित सरकारी कार्यालयबाट काजमा ल्याउनु पर्नेछ ।

(४) समानुपातिक निर्वाचन प्रणालीका लागि स्थापना हुने मुख्य निर्वाचन अधिकृतको कार्यालयमा देहाय बमोजिमका जनशक्ति रहनेछन् :-

| क्र.सं. | जनशक्तिको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मुख्य निर्वाचन अधिकृत (सचिव, निर्वाचन आयोग) | एक जना |
| २. | सहायक निर्वाचन अधिकृत, (रा.प. प्रथम श्रेणी वा सो सरह) (सेवा/समूह :- प्रशासन/कानून/न्याय/सरकारी वकिल) | दुई जना |
| ३. | उपन्यायाधिवक्ता/ उपसचिव (सेवा/समूह :- प्रशासन/कानून/न्याय/सरकारी वकिल) | तीन जना |
| ४. | उपसचिव (सेवा/समूह :- प्रशासन/कानून) | पाँच जना |
| ५. | निर्देशक (सेवा/समूह :- आर्थिक योजना तथा तथ्यांक) | एक जना |
| ६. | शाखा अधिकृत वा सो सरह (सेवा/समूह :- प्रशासन/लेखा/कानून/न्याय/सरकारी वकिल) | नौ जना |
| ७. | कम्प्युटर अधिकृत | एक जना |
| ८. | तथ्यांक अधिकृत | आठ जना |
| ९. | तथ्यांक सहायक | आठ जना |
| १०. | सहायक कर्मचारी (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | नौ जना |
| ११. | कम्प्युटर अपरेटर (रा.प.अनं प्रथम श्रेणी वा सो सरह वा रा.प. अनं. द्वितीय श्रेणी वा सो सरह) | दुई जना |
| १२. | हलुका सवारी चालक | तीन जना |
| १३. | कार्यालय सहयोगी (श्रेणी विहिन) | तीन जना |

तर मुख्य निर्वाचन अधिकृतको कार्यालयमा कार्यचापका कारण थप जनशक्ति आवश्यक पर्ने भएमा छोटो अवधिका लागि काजमा ल्याई कार्य सञ्चालन गर्न सकिनेछ।

७. **निर्वाचन अधिकृतले थप जनशक्ति काजमा ल्याउन सक्ने** : (१) निर्वाचन सम्बन्धी कार्यबोझको आधारमा मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिनदेखि बढीमा सात दिनका लागि निर्वाचन

अधिकृतले बढीमा दुई जना सहायक कर्मचारी र एक जना सहयोगी कर्मचारीलाई थप जनशक्तिको रुपमा काजमा ल्याउन सक्नेछ ।

(२) मतदान केन्द्र सम्बन्धी खर्च तथा मतदान केन्द्रमा खटिने मतदान अधिकृत लगायतका कर्मचारीलाई दैनिक तथा भ्रमण खर्च भुक्तानी दिने कार्यलाई व्यवस्थित गर्न थप जनशक्ति आवश्यक भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमको सङ्ख्यामा लेखापाल वा सह लेखापाललाई काजमा ल्याउन सक्नेछ :-

(क) एकसय वटासम्म मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा एक जनासम्म,

(ख) एकसय एकभन्दा बढी जतिसुकै मतदान केन्द्र भएको निर्वाचन क्षेत्रको लागि दुई जनासम्म ।

(३) मतपत्र रुजु गर्ने, प्याकेजिङ्ग गर्ने तथा मतदान अधिकृतलाई मतपत्र बुझाउने कार्यका लागि थप जनशक्ति आवश्यक पर्ने भएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमका राजपत्र अनङ्कित वा सो सरहका कर्मचारी काजमा ल्याउन सक्नेछ :-

(क) पन्ध्र हजारसम्म मतदाता भएका निर्वाचन क्षेत्रको लागि एक जना,

(ख) पन्ध्र हजार एकदेखि तीस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि दुई जना,

(ग) तीस हजार एक देखि पैतालिस हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि तीन जना,

(घ) पैतालिस हजार एकदेखि साठी हजारसम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि चार जना,

(ङ) साठी हजार एक देखि ७५ हजार सम्म मतदाता भएको निर्वाचन क्षेत्रको लागि पाँच जना,

(च) पचहत्तर हजारभन्दा बढी मतदाता भएको निर्वाचन क्षेत्रको लागि छ जना ।

♥(३क) मतदान केन्द्रको लागि आवश्यक पर्ने अन्य निर्वाचन सामग्रीको चेकजाँच, रुजु, भण्डारण, बाँडफाँट तथा वितरण गर्ने प्रयोजनको लागि निर्वाचन अधिकृतको कार्यालयमा खटिएका कर्मचारीबाट अपुग हुने देखिएमा निर्वाचन अधिकृतले बढीमा पाँच दिनको लागि देहाय बमोजिमको थप जनशक्ति काजमा ल्याई कार्यसम्पादन गर्न सक्नेछ :-

(क) एक सयसम्म मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको एक जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एक जना गरी जम्मा दुईजना,

---

♥ पहिलो संशोधनबाट थप ।

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी दुई जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एकजना गरी तीन जना,

(ग) दुई सय भन्दा बढी मतदान केन्द्र भएका निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीन जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एक जना गरी चार जना ।

(४) ♣उपदफा (१), (२), (३) र (३क) बमोजिमको थप जनशक्ति काजमा ल्याउनु परेमा सम्वन्धित जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीबाट काजमा ल्याउनु पर्नेछ ।

८. **निर्वाचन कार्यालयको लागि थप जनशक्तिको व्यवस्था** : (१) निर्वाचन कार्यालयको मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम समयमा सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले निर्वाचनको मिति घोषणा भएपछि बढीमा दुई महिनाको लागि देहाय बमोजिमको संख्यामा जिल्लास्थित सरकारी कार्यालयबाट थप जनशक्ति काजमा झिकाई काममा लगाउन सक्नेछ :-

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी एकजना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी एकजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एक जना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी दुईजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एकजना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीनजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुई जना,

(ङ) चार सय एकभन्दा बढी मतदान केन्द्र भएका जिल्लामा राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चारजना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुईजना ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन सामग्रीको चेकजाँच, रुजु प्याकिङ्ग, भण्डारण, बाँडफाँट तथा वितरण गर्ने प्रयोजनको लागि उपदफा (१) बमोजिमको थप जनशक्तिबाट समेत नपुग हुने देखिएमा निर्वाचन कार्यालयले बढीमा सात दिनको लागि देहाय बमोजिमको थप जनशक्ति सम्वन्धित जिल्लास्थित अन्य सरकारी कार्यालयबाट काजमा ल्याई कार्यसम्पादन गर्न सक्नेछ :-

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

(क) एक सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको एक जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एक जना गरी दुईजना,

(ख) एक सय एकदेखि दुई सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी दुई जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एकजना गरी तीन जना,

(ग) दुई सय एकदेखि तीन सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी तीन जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी एक जना गरी चार जना,

(घ) तीन सय एकदेखि चार सयसम्म मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी चार जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुई जना गरी छ जना,

(ङ) चार सयभन्दा बढी मतदान केन्द्र भएका जिल्लाको निर्वाचन कार्यालयको लागि राजपत्र अनङ्कित वा सो सरहको कर्मचारी पाँच जना र श्रेणी विहिन वा सो सरहको कर्मचारी दुई जना गरी सात जना ।

(३) उपदफा (१) र (२) बमोजिमका कर्मचारीलाई काजमा ल्याउँदा निर्वाचन कार्यालयले मतदाता नामावली दर्ता कर्मचारीको रुपमा खटाइएका कर्मचारीहरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

९. **मतदान केन्द्रको लागि जनशक्ति खटाउने :** (१) निर्वाचन अधिकृतले प्रत्येक मतदान केन्द्रको लागि देहाय बमोजिमको जनशक्ति खटाउनेछ ।

तर स्वयंसेवकको नियुक्ति तथा खटनपटन सम्बन्धित मतदान केन्द्रको मतदान अधिकृतले गर्नेछ ।

(क) दुईसय पचाससम्म मतदाता भएको मतदान केन्द्रको लागि :

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक जना |
| २. | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन समेत) | एक जना |
| ३. | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रुजु गर्नको लागि एकजना<br>(ख) मतदातालाई मतपत्र दिन तीन जना | चार जना |
| ४. | सहयोगी कर्मचारी | एक जना |
| ५. | स्वयंसेवक : | दुई जना |

| | | |
|---|---|---|
| | (क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्न र मतदाताको नङमा मसी लगाउन महिला एकजना<br>(ख) मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि एकजना | |

(ख) दुईसय एकाउन्न देखि पाँचसय सम्म मतदाता भएको मतदान केन्द्रको लागि :

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक जना |
| २. | सहायक मतदान अधिकृत | एक जना |
| ३. | सहायक कर्मचारी :<br>(क) मतदाता नामावली रुजु गर्नको लागि एकजना<br>(ख) मतदातालाई मतपत्र दिन चार जना | पाँच जना |
| ४. | सहयोगी कर्मचारी | एक जना |
| ५. | स्वयंसेवक :<br>(क) मतदान गरेका मतदाताको तथ्याङ्क राख्न एकजना र मतदाताको नङमा मसी लगाउन महिला एकजना समेत-दुईजना<br>(ख) मतदाताको लाइन व्यवस्थापन र अन्य सहयोगको लागि एकजना | तीन जना |

(ग) पाँचसय भन्दा बढी मतदाता भएको मतदान केन्द्रको लागि थप एक जना स्वयम्सेवक नियुक्ति गरिनेछ ।

♣(घ) दुईसय पचाससम्म मतदाता भएको अस्थायी मतदान केन्द्रको लागि :

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक जना |
| २. | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन र मतदाता नामावली रुजु गर्न समेत) | एक जना |

♣ पहिलो संशोधनद्वारा संशोधित ।

| | | |
|---|---|---|
| ३. | सहयोगी कर्मचारी | एक जना |
| ४. | स्वयंसेवक (मतदान गरेका मतदाताको तथ्याङ्क राख्न र मतदाताको नङमा मसी लगाउन महिला एकजना) | एक जना |

♣(ङ) <u>दुईसय पचास भन्दा बढी मतदाता भएको अस्थायी मतदान केन्द्रको लागि :</u>

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | मतदान अधिकृत | एक जना |
| २. | सहायक मतदान अधिकृत (मतदातालाई मतपत्र दिन र मतदाता नामावली रुजु गर्न समेत) | एक जना |
| ३. | सहयोगी कर्मचारी | एक जना |
| ४. | स्वयंसेवक (मतदान गरेका मतदाताको तथ्याङ्क राख्न एकजना र मतदाताको नङमा मसी लगाउन महिला एकजना) | दुई जना” |

(२) उपदफा (१) बमोजिम निर्वाचन कार्यमा जनशक्ति खटाउँदा यथासम्भव अनुसूची-९ मा उल्लिखित पद, श्रेणी र तहगत विवरण मिल्नेगरी खटाउन प्राथमिकता दिनुपर्नेछ ।

**१०. <u>मतदान अधिकृत खटाउने सम्बन्धी व्यवस्था</u> :** (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्र भित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी वा उच्च माध्यमिक वा माध्यमिक शिक्षकलाई मतदान अधिकृतमा खटाउने,

(ख) मतदान अधिकृत खटाउँदा खण्ड (क) बमोजिम कर्मचारी वा शिक्षक खटाउन नसकिने भएमा सोभन्दा एक तहमुनिको कर्मचारी वा शिक्षकलाई मतदान अधिकृतमा खटाउने,

(ग) खण्ड (क) वा (ख) बमोजिम मतदान अधिकृत खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगानामा रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउने,

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

(घ) गाउँपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्र अनङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षक र नगरपालिका क्षेत्रभित्रको मतदान केन्द्रमा सामान्यतया राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको कर्मचारी वा शिक्षकलाई सहायक मतदान अधिकृतमा खटाउने,

(ङ) खण्ड (घ) बमोजिम सहायक मतदान अधिकृत खटाउँदा कर्मचारी वा शिक्षक नपुग भएमा सोभन्दा एक श्रेणी वा तहमुनिको कर्मचारी वा शिक्षकलाई खटाउने,

(च) खण्ड (घ) वा (ङ) बमोजिम सहायक मतदान अधिकृत खटाउँदा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउने ।

(२) उपदफा (१) मा बमोजिम मतदान अधिकृत र सहायक मतदान अधिकृत खटाउँदा संघीय निजामती सेवा वा प्रदेश निजामती सेवाको स्थायी कर्मचारी अपुग हुने भएमा समान श्रेणीको स्थानीय तहको स्थायी कर्मचारी वा स्थायी शिक्षकलाई खटाउनु पर्नेछ ।

**११. मतदान केन्द्रमा कर्मचारी खटाउने :** (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा कर्मचारी खटाउँदा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) यथासम्भव महिला र पुरुष कर्मचारीको सङ्ख्या मिलाई समावेशी सिद्धान्तलाई समेत ध्यान दिई खटाउने,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी नपुग भएमा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई खटाउने,

(ग) अति संवेदनशील मतदान केन्द्रमा रा.प.द्वितीय श्रेणी वा सो सरह र संवेदनशील मतदान केन्द्रमा रा.प.तृ. श्रेणी वा सो सरहको कर्मचारी मतदान अधिकृतमा खटाउन प्राथमिकता दिने,

(घ) विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षकलाई मतदान केन्द्रमा खटाउँदा त्यस्तो मतदान केन्द्रमा सरकारी कर्मचारी समेत समावेश गरी खटाउने,

(ङ) मतदान केन्द्रमा सहायक कर्मचारी खटाउँदा यथासम्भव मतदान अधिकृत भन्दा एक तह मुनिको कर्मचारीलाई खटाउने ।

(२) मतदान केन्द्रमा सहायक कर्मचारी र सहयोगी कर्मचारी खटाउँदा संघीय निजामती सेवा वा प्रदेश निजामती सेवाको स्थायी कर्मचारी खटाउनु पर्नेछ । सो अपुग हुने भएमा स्थानीय तहको स्थायी कर्मचारी वा स्थायी शिक्षकलाई खटाउनु पर्नेछ । यी निकायका स्थायी कर्मचारीहरु अपुग हुने भएमा मात्र करार वा ज्यालादारी कर्मचारीलाई सहायक कर्मचारी र सहयोगी कर्मचारीको रुपमा खटाउनु पर्नेछ ।

(३) मतदानमा प्रभाव पार्न सक्ने गरी कसैले कुनै खास कर्मचारी वा शिक्षकलाई कुनै मतदान केन्द्रमा खटाउन माग गरेमा निर्वाचन अधिकृतले त्यस्तो कर्मचारी वा शिक्षकलाई सो मतदान केन्द्रमा खटाउनु हुँदैन ।

१२. **<u>मतगणना टोली सम्बन्धी व्यवस्था</u>** : (१) निर्वाचन अधिकृतले मतगणनाको लागि देहाय बमोजिमका कर्मचारी रहने गरी आवश्यक सङ्ख्यामा मतगणना टोली गठन गर्न सक्नेछ :-

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत ) | एक जना |
| २. | सहायक मतगणना अधिकारी (अधिकृतस्तर कर्मचारी ) | एक जना |
| ३. | (क) मतगणना सहायक दुई जना<br>(ख) कम्प्यूटर अपरेटर एक जना | तीन जना |
| ४. | सहयोगी कर्मचारी | एक जना |

(२) उपदफा (१) बमोजिमको प्रत्येक मतगणना टोलीले प्रति सिफ्ट प्रतिनिधि सभा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा एक हजार पाँच सय थान मतपत्र र प्रदेश सभा समानुपातिक निर्वाचन प्रणालीतर्फ कम्तीमा दुई हजार थान मतपत्र र प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ प्रति सिफ्ट कम्तीमा तीन हजार थान मतपत्र गणना गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले मतदान हुने दिनभन्दा अगावै निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय र जिल्लास्थित अन्य सरकारी कार्यालयका कर्मचारीहरुमध्येबाट मतगणनामा खटिने कर्मचारीको सूची तयार गरी सोको जानकारी सम्बन्धित सबै कर्मचारीलाई दिनु पर्नेछ ।

१३. **<u>सुरक्षाकर्मी सम्बन्धी व्यवस्था</u> :** (१) निर्वाचन कार्यालयमा कार्यालय तथा निर्वाचन सामग्री राखिएको स्थानमा, निर्वाचन अधिकृतको कार्यालय र मतपत्र राखिएको स्थानको सुरक्षाको लागि निर्वाचन अवधिभर बढीमा पाँच/पाँच जना सुरक्षाकर्मी रहनेछन् ।

(२) मतदान कार्य सम्पन्न भएपछि मतपत्र रहेका मतपेटिका राख्ने स्थान र मतगणना स्थलको सुरक्षाको लागि मतदानको दिनदेखि मतगणना कार्य सम्पन्न नभएसम्म निर्वाचन अधिकृतको कार्यालयमा उपदफा (१) को अतिरिक्त बढीमा पन्ध्र जना थप सुरक्षाकर्मी रहनेछन् ।

१४. **<u>जगेडाका कर्मचारी खटाउने</u> :** (१) कुनै कर्मचारी बिरामी भई वा काबू बाहिरको परिस्थिति परी निर्वाचनमा खटिन वा निर्वाचनको काम गर्न असमर्थ भएमा वा अन्य कुनै कारणले निजलाई बदली गर्नुपर्ने भएमा निर्वाचन अधिकृतले निर्वाचन कार्यालयसँग समन्वय गरी दफा ५ बमोजिम जगेडामा राखिएका कर्मचारीमध्येबाट कुनै काममा खटाउन सक्नेछ ।

(२) कुनै मतदान केन्द्रमा पुनः मतदान गराउनु परेमा सोको मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा पहिले त्यस्तो मतदान केन्द्रमा नखटिएको कर्मचारीलाई खटाउनु पर्नेछ ।

१५. **नपुग जनशक्ति सम्बन्धी व्यवस्था**: (१) कुनै जिल्लामा मौजुदा जनशक्तिबाट निर्वाचन सम्बन्धी काम सम्पन्न गर्न नसकिने भएमा निर्वाचन कार्यालयले जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको सिफारिस सहित आवश्यक थप जनशक्तिको लागि आयोगमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो जिल्लाको लागि आवश्यक पर्ने जनशक्ति नजिकको कुनै जिल्लामा रहेको जगेडा जनशक्तिबाट वा जगेडामा नरहेका अन्य जनशक्तिमध्येबाट खटाई पठाउन आयोगले सम्बन्धित जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिलाई निर्देशन दिन सक्नेछ ।

## परिच्छेद-३

## व्यवस्थापन समिति

१६. **केन्द्रीय जनशक्ति व्यवस्थापन समिति** : (१) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनको प्रयोजनको लागि जनशक्ति व्यवस्थापन गर्न आयोगमा एक केन्द्रीय जनशक्ति व्यवस्थापन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) निर्वाचन आयुक्त (जनशक्ति व्यवस्थापन हेर्ने) | - अध्यक्ष |
| (ख) सचिव, निर्वाचन आयोग | - सदस्य |
| (ग) सचिव, गृह मन्त्रालय | - सदस्य |
| (घ) सचिव, रक्षा मन्त्रालय | - सदस्य |
| (ङ) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| (च) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| (छ) सह सचिव, प्रशासन महाशाखा, निर्वाचन आयोग | - सदस्य |
| (ज) उपसचिव, प्रशासन शाखा, निर्वाचन आयोग | - सदस्य-सचिव |

(३) उपदफा (१) बमोजिमको जनशक्ति व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार सो समितिको अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

(४) जनशक्ति व्यवस्थापन समितिले बैठकमा आयोगका अन्य पदाधिकारी तथा कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) केन्द्रीय जनशक्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन सम्पन्न गर्न आवश्यक पर्ने समग्र जनशक्तिको उपलब्धता सम्बन्धमा अध्ययन गरी जिल्लागत, अन्तरजिल्लागत तथा स्थानीय तहगत जनशक्ति परिचालन सम्बन्धी योजना बनाउने,

(ख) जनशक्ति व्यवस्थापन सम्बन्धमा मुख्य निर्वाचन अधिकृत वा जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिबाट कुनै नीतिगत निर्णय गर्न राय सुझाव सहित अनुरोध भई आएको विषयमा आवश्यक निर्णय गरी जनशक्ति व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ग) ♣दफा १५ को उपदफा (१) बमोजिम निर्वाचन कार्यालयबाट जिल्ला भित्र उपलब्ध जनशक्ति नपुग हुने भनी थप जनशक्ति व्यवस्थापनका लागि अनुरोध भई आएमा सम्भव भएसम्म नजिकको जिल्लामा जगेडामा रहेका कर्मचारी खटाउन निर्देशन दिने,

(घ) जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै विवाद वा अन्यौल देखिएमा त्यस्तो विवाद वा अन्यौल सम्बोधनका लागि निर्देशन दिने,

(ङ) निर्वाचन सम्बन्धी आफु तोकिएको जिम्मेवारी पूरा नगर्ने, निर्वाचन आचार संहिता उल्लङ्घन गर्ने वा निर्वाचनको स्वच्छता, निष्पक्षता, पारदर्शीता एवं विश्वसनीयतामा प्रतिकूल आँच पुऱ्याउने किसिमको कुनै कार्य गर्ने कर्मचारीलाई कारबाही गर्न सिफारिस गर्ने ।

१७. **जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समिति** : (१) निर्वाचनका लागि जनशक्ति व्यवस्थापनको लागि आवश्यक समन्वय र सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जनशक्ति व्यवस्थापन समन्वय समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) सदरमुकाम स्थित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख कोष नियन्त्रक/कोष नियन्त्रक - सदस्य

(घ) जिल्लास्थित नेपाल प्रहरी प्रमुख - सदस्य

(ङ) निर्वाचन अधिकारी - सदस्य-सचिव

(२) जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको बैठक आवश्यकता अनुसार सो समितिको संयोजकले तोकेको मिति र समयमा बस्नेछ ।

(३) जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको बैठकमा बढीमा दुई जना व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

♣ पहिलो संशोधनद्वारा संशोधित ।

(४) जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको बैठक बस्दा समितिका संयोजक, सदस्य एवं आमन्त्रित सदस्यलाई कार्यालयले बढीमा पाँच पटकसम्मको लागि बैठक भत्ता तथा सुविधा उपलब्ध गराउनेछ ।

१८. **जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको काम, कर्तव्य र अधिकार** : (१) जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दफा ४ बमोजिमको जनशक्तिको विवरण तयार गरी अद्यावधिक गर्ने वा गराउने, यसरी अद्यावधिक गर्दा कर्मचारीको पद, श्रेणी, तह, स्थायी, अस्थायी, करार खुल्ने गरी गर्नुपर्नेछ ।

♣(ख) मतदान केन्द्रमा खटाउने प्रयोजनको लागि तयार गरिएको जनशक्तिको विवरण स्वीकृत गरी सो समितिको सदस्य-सचिव मार्फत मुख्य निर्वाचन अधिकृतलाई उपलब्ध गराउने,

(ग) विशेष परिस्थितिमा कर्मचारी खटाउनको लागि आवश्यक सङ्ख्यामा कर्मचारी जगेडामा राख्ने,

(घ) जगेडामा रहेका कर्मचारीलाई जुनसुकै अवस्थामा निर्वाचनमा खटाउन सकिने गरी तयारी अवस्थामा राख्ने वा राख्न लगाउने,

(ङ) कार्यालयबाट जनशक्ति विवरण प्राप्त भएपछि जिल्ला भित्र आवश्यक पर्ने जनशक्ति र बचत हुने जनशक्तिको पद र सङ्ख्या खुलेको विवरण आयोगमा पठाउने,

(च) जनशक्ति व्यवस्थापन सम्बन्धमा कुनै नीतिगत निर्णय गर्नु पर्ने भएमा राय सुझाव सहित दफा १६ बमोजिमको केन्द्रीय जनशक्ति व्यवस्थापन समिति समक्ष लेखी पठाउने ।

(२) यस निर्देशिकामा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जनशक्ति व्यवस्थापन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लास्थित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संस्था वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका प्रमुखलाई निर्वाचन सम्पन्न नहुन्जेल अत्यावश्यक कारण नपरी बिदामा नबस्न र त्यस्ता निकायका प्रमुखलाई निज कार्यरत निकायका कर्मचारीलाई अत्यावश्यक कारण नपरी बिदा स्वीकृत नगर्न निर्देशन दिने,

(ख) निर्वाचन सम्पन्न नभएसम्म सम्बन्धित जिल्लास्थित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

संस्था वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका प्रमुखलाई अनुमति नलिई जिल्ला नछोड्न निर्देशन दिने,

(ग) दफा ५ बमोजिम जगेडामा रहेका कर्मचारीलाई जुनसुकै अवस्थामा निर्वाचन कार्यमा खटाउन सकिने गरी तयारी अवस्थामा राख्न वा राख्न लगाउन सम्बन्धित कार्यालय प्रमुखलाई निर्देशन दिने ।

परिच्छेद-४

## विविध

१९. **निर्युक्तिपत्र दिने** : (१) आयोगले निर्वाचनमा खटाइएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतलाई क्रमशः अनुसूची-४ र अनुसूची-५ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनेछ ।

(२) निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा खटाएका सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीलाई अनुसूची- ६ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले आफू खटिएको निर्वाचन क्षेत्रभित्रका मतदान केन्द्रमा खटिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीलाई अनुसूची-७ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनु पर्नेछ ।

(४) मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा स्वयंसेवक खटाउँदा अनुसूची-८ बमोजिमको ढाँचामा नियुक्ति पत्र दिनु पर्नेछ ।

२०. **विभागीय कारबाही गर्न सक्ने** : निर्वाचनको लागि आफूलाई खटाइएको मतदान केन्द्रमा तोकिएको समयमा नपुग्ने, निर्वाचन सम्बन्धी काममा आफूलाई सुम्पिएको जिम्मेवारी पूरा नगर्ने, निर्वाचनको काममा हेल्चक्र्याँई गर्ने वा निर्वाचनको स्वच्छता, निष्पक्षता, स्वतन्त्रता एवं विश्वसनीयतामा प्रतिकूल आँच पुऱ्याउने कुनै कार्य गर्ने निर्वाचन अधिकृत वा अन्य कर्मचारीलाई आयोगले निर्वाचन सम्बन्धी कामको जिम्मेवारीबाट तत्काल मुक्त गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्नेछ ।

२१. **काज राख्न सक्ने** : (१) दफा ६ को उपदफा (१) र (२) बमोजिम मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा काजमा खटिएका कर्मचारीलाई समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना सम्पन्न भएको मितिले बढीमा सात दिनसम्म काजमा राख्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन सम्बन्धी कुनै खास कामको लागि निर्वाचन अधिकृतको कार्यालयमा काजमा ल्याइएका कर्मचारीलाई त्यस्तो काम सम्पन्न भएपछि निर्वाचन अधिकृतले निजलाई सम्बन्धित कार्यालयमा काज फिर्ता गरी दिनु पर्नेछ ।

२२. **निर्वाचनमा नखटाइने** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिलाई निर्वाचनको काममा खटाइने छैन :-

(क) निजामती कर्मचारी, शिक्षक तथा अन्य सरकारी संघ संस्थासँग सम्बद्ध राष्ट्रियस्तरको ट्रेड यूनियनका संघ, प्रदेश र जिल्ला कार्यसमितिका पदाधिकारीलाई,

(ख) कुनै कर्मचारीको नजिकको नातेदार उम्मेदवार भएमा सो निर्वाचन क्षेत्रमा त्यस्तो कर्मचारीलाई ।

(२) कार्यालयको सुरक्षार्थ खटिएका सुरक्षा गार्ड, पाले पहरा बस्ने कर्मचारी र स्वास्थ्य सेवा, विद्युत, टेलिफोन, बैंक, वारुणयन्त्र, खानेपानी जस्ता अत्यावश्यक सेवा प्रदान गर्ने निकायका कर्मचारीलाई त्यस्तो सेवाको लागि वैकल्पिक व्यवस्था नगरी निर्वाचन कार्यमा खटाउनु हुँदैन ।

२३. **प्रतिवेदन दिनुपर्ने :** निर्वाचन कार्यालयले निर्वाचन प्रयोजनको लागि जनशक्ति व्यवस्थापन सम्बन्धमा भए गरेका काम कारबाहीको प्रतिवेदन तयार गरी निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र आयोगमा पठाउनु पर्नेछ ।

२४. **आदेश वा निर्देशन जारी गर्न सक्ने** : यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा आयोगले आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

२५. **खारेजी र बचाउ :** (१) प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज भएको निर्देशिका बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

<u>निर्वाचनमा खटाउन सकिने कर्मचारीको विवरणः</u>

कार्यालयको नामः

ठेगानाः ........................................ पालिका .................. वडा ..................

| क.स. | कर्मचारीको नाम,थर | तह /श्रेणी र पद | संकेत नं. | स्थायी वा अस्थाई वा करार | हालको पदमा नियुक्ति मिति | मतदाता परिचय पत्र नं. र जिल्ला | लिङ्ग | उमेर | स्थायी ठेगाना | मोवाइल नं. | यस अघिका निर्वाचनमा खटिएको वा नखटिएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचनमा खटाउन नसकिने कर्मचारीको विवरण:

कार्यालयको नामः

ठेगानाः ......................................... पालिका .................. वडा ..................

| क.स. | कर्मचारीको नाम,थर | तह /श्रेणी र पद | संकेत नं. | स्थायी वा अस्थाई वा करार | हालको पदमा नियुक्ति मिति | मतदाता परिचय पत्र नं. र जिल्ला | लिङ्ग | उमेर | स्थायी ठेगाना | मोवाइल नं. | यस अघिका निर्वाचनमा खटिएको वा नखटिएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची-३

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचनमा खटाउने जनशक्तिको तह र श्रेणी अनुसारको एकीकृत विवरणः

तह / श्रेणी र पद : ..................................................

| क्रम संख्या | कर्मचारीको नाम, थर | स्थायी वा अस्थाई वा करार | संकेत नं. | मतदाता परिचय पत्र नं. र जिल्ला | लिङ्ग | उमेर | स्थायी ठेगाना | मोवाइल नं. | कार्यालयको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोटः अनुसूची-१ बमोजिम प्राप्त भएको जनशक्ति विवरणबाट एकीकृत विवरण तयार गर्दा श्रेणी वा तहगत एकै श्रेणी वा तहका कर्मचारीहरुको विवरण मात्र समावेश गर्ने । जस्तै रा.प. द्वितीय श्रेणी वा अधिकृतस्तर नवौं वा दशौं तहका कर्मचारीको विवरणको एक फाइल बनाउने । यस्तै गरी अन्य श्रेणी वा तहका लागि समेत यही विधिको प्रयोग गरी छुट्टा छुट्टै फाइल तयार गर्ने ।

**अनुसूची-४**

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

<u>मुख्य निर्वाचन अधिकृतको नियुक्ति पत्रको ढाँचा:</u>

२०७९/०८०/म.ना/......

मिति २०७९/..../......

माननीय जिल्ला न्यायाधिश श्री ....................
..................जिल्ला अदालत,.......................

## विषय :- नियुक्ति ।

निर्वाचन आयोगको मिति २०७९/..../.....को निर्णयानुसार यहाँलाई मिति २०७९/..../..... गतेदेखि लागू हुने गरी वि.सं. २०७९ साल मंसिर ४ गते आइतबारका दिन हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि त्यस जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ...... र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ...... को निर्वाचन अधिकृतको समेत जिम्मेवारी बहन गर्नेगरी ..........जिल्लाको मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त गरिएको छ ।

♣<u>आफू खटिएको जिल्ला तथा निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी प्रचलित कानून तथा आयोगको निर्देशनको अधीनमा रही यहाँले पूरा गर्नु हुनेछ</u> । मुख्य निर्वाचन अधिकृत पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र रुपले सफलतापूर्वक सम्पन्न गर्नुहुनेछ भन्ने आयोगले अपेक्षा गरेको छ ।

(..................)
सचिव

**<u>बोधार्थ :-</u>**
श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौ
श्री न्याय परिषद्, रामशाहपथ, काठमाडौं
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
श्री .............जिल्ला अदालत, .............................
श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय, ...........
श्री आर्थिक प्रशासन शाखा, निर्वाचन आयोग, नेपाल ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसूची-५

(दफा १९ को उपदफा (१) सँग सम्बन्धित)

निर्वाचन अधिकृतको नियुक्ति पत्रको ढाँचाः

२०७९/०८०/म.ना/......

मिति २०७९/..../......

...................... श्री ....................

..................आयोग/मन्त्रालय/विभाग/कार्यालय

# विषय :- नियुक्ति ।

निर्वाचन आयोगको मिति २०७९/..../.....को निर्णयानुसार यहाँलाई मिति २०७९/..../..... गतेदेखि लागू हुने गरी वि.सं. २०७९ साल मंसिर ४ गते आइतबारका दिन हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि .......... जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ...... र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ...... को समेत निर्वाचन अधिकृत पदमा नियुक्त गरिएको छ ।

♣आफू खटिएको निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने जिम्मेवारी प्रचलित कानून तथा आयोगको निर्देशनको अधीनमा रही यहाँले पूरा गर्नु हुनेछ । निर्वाचन अधिकृत पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र रुपले सफलतापूर्वक सम्पन्न गर्नुहुनेछ भन्ने आयोगले अपेक्षा गरेको छ ।

(...................)

सचिव

**बोधार्थ :-**

श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौ

श्री न्याय सेवा आयोग, रामशाहपथ, काठमाडौं

श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं

श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं

श्री ..............जिल्ला अदालत, ..............................

श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय,....................

श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय, ...........

श्री आर्थिक प्रशासन शाखा, निर्वाचन आयोग, नेपाल ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

**अनुसूची-६**

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

सहायक निर्वाचन अधिकृत/अन्य कर्मचारीको नियुक्ति पत्रको ढाँचाः

**निर्वाचन आयोग**

मुख्य निर्वाचन अधिकृत/ निर्वाचन अधिकृतको कार्यालय, ..................

२०७९/०८०/......

मिति २०७९/..../......

...................... श्री ................................
..................आयोग/मन्त्रालय/विभाग/कार्यालय

## विषय :- नियुक्ति ।

मुख्य निर्वाचन अधिकृत/निर्वाचन अधिकृतको कार्यालयको मिति २०७९/..../.....को निर्णयानुसार यहाँलाई मिति २०७९/..../..... गतेदेखि लागू हुने गरी वि.सं. २०७९ साल मंसिर ४ गते आइतबारका दिन हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनका लागि .......... जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ...... र प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ...... को समेत जिम्मेवारी भएको निर्वाचन अधिकृतको कार्यालय, ................मा .....................................पदमा नियुक्त गरिएको छ ।

♣आफू खटिएको निर्वाचन क्षेत्रमा प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचन सम्पन्न गर्ने सम्बन्धमा आफूलाई तोकिएको जिम्मेवारी प्रचलित कानून तथा यस कार्यालयको निर्देशनको अधीनमा रही यहाँले पूरा गर्नु हुनेछ । ...................................... पदमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र रुपले सफलतापूर्वक सम्पन्न गर्नुहुनेछ भन्ने कार्यालयले अपेक्षा गरेको छ ।

(...................)
मुख्य/ निर्वाचन अधिकृत

**बोधार्थ :-**
श्री निर्वाचन आयोग, नेपाल
श्री मुख्य निर्वाचन अधिकृतको कार्यालय, ........
श्री .................आयोग/मन्त्रालय/विभाग/कार्यालय
श्री प्रदेश/जिल्ला निर्वाचन कार्यालय, ...........
श्री आर्थिक प्रशासन शाखा, निर्वाचन आयोग, नेपाल ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसूची-७

(दफा १९ को उपदफा (३) सँग सम्बन्धित)

मतदान अधिकृत/सहायक मतदान अधिकृत/अन्य कर्मचारीको नियुक्ति पत्रको ढाँचा:

**निर्वाचन आयोग**
निर्वाचन अधिकृतको कार्यालय
प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं.....
(प्रदेश सभा निर्वाचन क्षेत्र नं......)

## नियुक्ति पत्र

श्री .........................

........................... (दर्जा)

..........................(कार्यालय)।

मोबाइल नम्बर :-

................ जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ..../प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ...... मा हुने प्रतिनिधि सभा सदस्य पदको/प्रदेश सभा सदस्य पदको निर्वाचनको लागि ......................... गाउँपालिका/नगरपालिका वडा नं. ......... अन्तर्गतको ..................................... मतदान केन्द्रको मतदान अधिकृत पदमा तपाईलाई नियुक्त गरिएको छ।

स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा निर्वाचन गराउने काममा तपाईले आफ्नो कर्तव्य इमान्दारीपूर्वक पालना गर्नु हुनेछ भन्ने कुरा अपेक्षा गरिएको छ। तपाईसँग उपर्युक्त मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीहरु निम्न बमोजिम हुनु हुनेछ।

**मतदान केन्द्र** :-

| पद | नाम | दर्जा | कार्यालय | मोबाइल नम्बर |
|---|---|---|---|---|
| १. सहायक मतदान अधिकृत | | | | |
| २. सहायक कर्मचारी | | | | |
| ३. सहायक कर्मचारी | | | | |
| ४. सहायक कर्मचारी | | | | |
| ५. सहायक कर्मचारी | | | | |
| ६. सहायक कर्मचारी | | | | |
| ७. सहयोगी कर्मचारी | | | | |

मिति :-

.........................

निर्वाचन अधिकृत

**<u>द्रष्टब्य</u>** : सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीका लागि अर्को छुट्टै नियुक्ति पत्र तयार गर्नु पर्ने छैन । सम्बन्धित कर्मचारीको नामको अगाडि चिनो लगाई नियुक्तिपत्रको रुपमा बुझाउनु पर्नेछ ।

## अनुसूची-८

(दफा १९ को उपदफा (४) सँग सम्बन्धित)

निर्वाचन आयोग
निर्वाचन अधिकृतको कार्यालय
.................. जिल्ला
................. गाउँपालिका/नगरपालिका
.................................... मतदान केन्द्र

**विषय : स्वयंसेवक नियुक्ति ।**

श्री ...............................................

................................................. ।

यस मतदान केन्द्रमा निर्वाचनको काममा सहयोग गर्न तपाईंलाई मिति २०७९/०८/....... देखि मिति २०७९/०८/....... सम्म स्वयंसेवकको रूपमा नियुक्त गरिएको छ ।

स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउने सन्दर्भमा तपाईंले मतदान अधिकृतले खटाएको कार्य इमान्दारीपूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

मिति : २०७९/०८/.....

.....................
मतदान अधिकृत

## अनुसूची-९

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

निर्वाचन कार्यमा खटिने कर्मचारीहरुको पद, श्रेणी र तहगत विवरणको श्रृङ्खला:

| क.सं. | पद/श्रेणी/तहको विवरण | कैफियत |
|---|---|---|
| १ | उपसचिव, राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरह, अधिकृतस्तर दशौँ तह वा नवौँ तह वा सो सरह | |
| २ | शाखा अधिकृत, राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरह, अधिकृतस्तर आठौँ तह वा सातौँ तह वा सो सरह | |
| ३ | अधिकृतस्तर छैटौँ तह वा सो सरह | |
| ४ | नायब सुब्बा, राजपत्र अनंङ्कित प्रथम श्रेणी वा सो सरह, सहायकस्तर पाँचौं तह वा सो सरह | |
| ५ | खरिदार, राजपत्र अनंङ्कित द्वितीय श्रेणी वा सो सरह, सहायकस्तर चौथो तह वा सो सरह | |
| ६ | राजपत्र अनंकित तृतीय श्रेणी वा सो सरह, राजपत्र अनंकित चतुर्थ श्रेणी वा सो सरह, राजपत्र अनंकित पाँचौ श्रेणी वा सो सरह | |
| ७ | श्रेणीबिहीन पदहरु :- प्रथमस्तर वा सो सरह, द्वितीयस्तर वा सो सरह, तृतीयस्तर वा सो सरह, चतुर्थस्तर वा सो सरह, पाँचौस्तर वा सो सरह | |

**द्रष्टब्य** : निर्वाचनको कार्यमा जनशक्ति खटाउँदा सकेसम्म उल्लेखित पद/श्रेणी /तहमा कार्यरत कर्मचारीहरुलाई मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीहरुमा खटाउँदा पद र श्रेणीको विवरण अनुसार मिल्ने गरी खटाउन प्राथमिकता दिनु पर्नेछ । त्यसैगरी निर्वाचनको कार्यमा शिक्षकलाई खटाउँदा सकेसम्म निजहरुको पद/तहको विवरण समेत मिल्नेगरी खटाउनु पर्नेछ ।